काबासोती नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शिवमन्दिर,गण्डकीप्रदेश, नेपाल

# आन्तरिक आयतर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०७।१२

पुन प्रकाशित मिति : २०७५।०८।०७

पुन प्रकाशित मिति : २०७५।०९।१७

स्थानीय सरकार सञ्चालन ऐन (२०७४), राष्ट्रपति चुरे तराइ मधेस संरक्षण तथा विकास समिति, खुमलटारको मिति २०७५।०७।०८ च नं १६२ को सहमतिपत्र तथा कावासोती नगरपालिका, नगर कार्यपालिकाको को मिति २०७५।०८।२८ को निर्णयानुसार देहायका शिर्षकहरुमा राजस्व असुली सम्वन्धी काम न्यूनतम कवोल अकंमा बढावढका आधारमा आ.ब. २०७५/७६ को बाँकि अवधिका लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका कम्तिमा घ वर्गका इच्छुक फर्महरुले बोलपत्रखरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।

**ठेक्का विवरण**

| आय ठेक्का नं | ठेक्काको विवरण | संकलन उत्खनन गर्नुपर्ने अधिकतम परिमाण घनफिट | विक्रि दर रु. (करबाहेक) | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| ७०७५।७६ | पत्थर खोला<br>अक्षांश : २७°३९'९.२०"<br>उत्तरीदेशान्तर: ८४°४'५६.३०" पूर्वी<br>अक्षांश : २७°३७'३८.१६"<br>उत्तरीदेशान्तर: ८४°५'०.७७" पूर्वी | १२,०८,५९८/- | ४/- | ४८,३४,३९२/- | ३०००/- |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १०औं दिन सम्म सार्वजनिक खरिद अनुगमन कार्यालय को वेभसाइट www. bolpatra.gov.np/egp मार्फत प्राप्त गरि e - bidding को सम्पूर्ण प्रक्रिया पुरा गरि ११ औं दिनको १२ बजे भित्रसोहि वेभसाइट मार्फत दाखिला गर्नुपर्नेछ । ९औं दिनसम्म प्राप्त बोलपत्रहरु सोहि दिन २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएर्पनि कार्यालय प्रतिनिधीको रोहबरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको **व्यवसायिक प्रमाणपत्र (कम्तिमा घ वर्ग), स्थायी लेखानम्वर पान, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्र बापतको दस्तुर तिरेको प्रमाण, ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयंघोषणा** अनिवार्यरुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि २०७६ साल जेठ मसान्त सम्म रहनेछ । ठेक्का अवधिमा बन्द हडताल आदिका कारण केही दिनकाम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन।

४. माथि उल्लिखित सबै ठेक्काहरु कबोल अङ्को थप मूल्यअभिवृद्धि कर (१३ प्रतिशत) रअग्रिम आयकर (१.५ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. धरौटी बापतको बोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको कावासोति स्थित रा.वा. बैंकमा रहेको बैंक खाता नं. ३२००३०३००७१०२ मा नगद दाखिला गरेको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । सो e-bidding System मा धरौटी बापतको रकम न्युनतम रकम उल्लेख भएकोले धरौटी बापतको रकम यसै सुचना बमोजिम हुनेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

६. बोलपत्रखरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकमयस कार्यालयको कावासोति स्थित रा.वा. बैंकमा रहेको बैंक खातानं. ३२००३०४०१८१०२ मा वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्यहुने छैन । साथै रित नपुगीआएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

९. ठेक्कामा कुनै विवाद भएमा कावासोति नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. बोलपत्रमा कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ ।अंङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. नदिजन्य पदार्थ निकासि गर्ने बाटो मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ र खर्च दावि गर्न पाइने छैन । पुलको दाँया-बाँया ५०० मिटरसम्म र खोलाको दायाँबायाँ रहेको कुलो, नहर, तटबन्धको ५० मिटर भित्रउत्खनन गर्न पाइने छैन ।

१२. सूचनामा उल्लेखित खण्डहरुको GPS Points निर्धारण भएकोमा सोभित्रको उपखण्ड कायम हुदा वा कानुन बमोजिम निषेधित क्षेत्र परि GPS Points फरक हुने विषयको जानकारी र सो सम्बन्धि कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१३. बोलपत्रसाथ रहने जानकारी तथा शर्तहरु यसै सूचनाको शर्तसरह मान्यहुनेछन् ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून र नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

**कावासोती नगर कार्यपालिकाको कार्यालय**